**नेपाल सरकार**
**वन तथा भू संरक्षण मन्त्रालय**
**वन अनुसन्धान तथा सर्वेक्षण विभाग**

# वन स्रोत अनुसन्धान तथा सर्वेक्षण ऐन तर्जुमाको लागि नीतिपत्र/अवधारणापत्र

## १ पृष्ठभूमी

वन क्षेत्रको अध्ययन अनुसन्धान गर्ने आधिकारीक निकाय यो विभाग मात्र भएकोमा यसको नियमन व्यवस्थापन गर्ने छुट्टै कानून नभएको अवस्था छ । अनुसन्धानको कार्य अन्य निकायहरु समेतबाट हुंदा एकिकृत र आधिकारिक अभिलेखको व्यवस्थापनमा कठिनाई भएको छ । यस विभागको कार्य क्षेत्रको विषयमा अन्य निकायबाट हुने कार्यलाई नियन्त्रण गर्न तथा अनुसन्धानबाट प्राप्त एकिकृत र आधिकारिक नतिजालाई अभिलेखिकरण गरी वन क्षेत्रको व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित रुपमा अभिलेख गर्न समेतको लागि छुट्टै कानून तर्जुमा गर्नुपर्ने आवश्यकता भएको छ ।

नेपालमा वन अनुसन्धानको क्षेत्रमा हाल सरकारी लगायत गैर सरकारी, नीजि तथा साझेदारी स्वरुपका विभिन्न निकाय र शैक्षिक संघसंस्थाहरु क्रियाशील रहदै आएका छन । यस क्रममा वनको स्थलगत अध्ययन, अनुसन्धान तथा सर्वेक्षण जस्ता विशुद्ध प्राविधिक कार्यहरुमा भने सरकारी निकायको रुपमा रहेको वन अनुसन्धान तथा सर्वेक्षण विभागको योगदान अग्रिम र विशिष्ट प्रकृतिको रहेको छ । राष्ट्रिय वन अनुसन्धान योजना २०३८ तथा वन क्षेत्रको गुरुयोजना अन्तर्गतको वन अनुसन्धान विकास योजना २०४५ अनुसार हाल यस विभागका कार्यक्रम तथा कियाकलापहरु हालसम्म निर्देशित रहिआएका छन् । वन व्यवस्थापनका बिभिन्न आयामहरुमा आएको परिवर्तन, प्रविधि विकास, वन तथा वातावरणको क्षेत्रमा देखा परेका नवीन चुनौतीहरु एवं वन व्यवस्थापक र उपभोक्ताहरुका आवश्यकता र चाहनालाई सम्बोधन गर्दै वन अनुसन्धान र सर्वेक्षणका कार्यहरुलाई व्यवस्थित र नियमन गर्न विद्यमान नीति, योजना र कार्यक्रमहरुको अतिरिक्त एक कानूनी आधार समेतको सर्वत्र महशुस गरिएको छ । यस आधारमा वन अनुसन्धान र सर्वेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन, वन अनुसन्धान तथा सर्वेक्षण कार्यमा दोहोरापना हुन नदिई एकद्वार प्रणाली कायम गर्न, समग्र वन क्षेत्रको अनुसन्धान र सर्वेक्षणमूलक कार्यलाई समन्वयात्मक रुपमा संचालन गर्न, वन क्षेत्रको अनुसन्धान र सर्वेक्षण कार्यहरुलाई नियमन गर्न, वन क्षेत्रको अनुसन्धान र सर्वेक्षण कार्यलाई नियमित र आवधिक रुपमा सञ्चालन गर्न, वन क्षेत्रको अनुसन्धान र सर्वेक्षण कार्यलाई अनुगमन गर्न र वन क्षेत्रको अनुसन्धान र सर्वेक्षण कार्यमा अनुमति प्रणाली लागु गर्न समेतको लागि वन अनुसन्धान तथा सर्वेक्षण सम्बन्धी छुट्टै कानूनको आवश्यकता भएको हुँदा यस सम्बन्धी विधेयक मस्यौदा गर्न आवश्यक भएको हो ।

## २. वनस्रोत अनुसन्धान तथा सर्वेक्षण ऐन बनाउनुपर्ने आवश्यकता :

क. **संवैधानिक कारण** : नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ को उपधारा (५) मा राज्यका नीतिहरु अन्तर्गत “राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ ।

जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरुद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ । वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दीगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ" भन्ने नीति रहेको छ । उक्त संविधानद्वारा उल्लेखित राज्यको नीति कार्यान्वयनको लागि यस क्षेत्रमा अध्ययन अनुसन्धानबाट वातावरणीय अवस्थाको जानकारी प्राप्त हुन सक्छ । अध्ययन अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा व्यक्तिको स्वच्छ वातावरणमा बाच्न पाउने मौलिक हकको वास्तविक प्रत्याभूति हुन सक्ने भएकोले यस सम्बन्धी छुट्टै कानून तर्जुमा गर्नुपर्ने आवश्यकता भएको छ ।

ख. **अन्तर्राष्ट्रिय दायित्व :** वन अनुसन्धान तथा सर्वेक्षण वाट प्रप्त तथ्याङ्क  संयुक्त राष्ट्रसंघ लगायत अन्य अन्तर्राट्रिय निकाय समक्ष प्रस्तुत गरिने रिपोटिङ्गहरुमा महत्वपूर्ण भुमिका रहेको हुन्छ, त्यस्ता तथ्याङ्कहरुको आधिकारीकताबाट मात्र मुलुकको अन्तर्राष्ट्रिय दायित्व पुरा हुन सक्छ । यसका लागि छुट्टै कानूनबाट अनुसन्धानलाई आधिकारिक र तथ्याङ्कपरक बनाउनु आवश्यक भएको ।

ग. **सर्वोच्च अदालतको फैसला** : निवेदक नारायण प्रसाद देवकोटा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिष्द्को कार्यालय समेत भएको सम्वत् २०६६ सालको रिट नं. ०५२१ को निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट "सवै नेपालीको साझा सम्पत्तीको रुपमा रहेको प्राकृतिक श्रोत कुनै एक व्यक्तिको स्वामित्व हुन नसक्नुको साथै त्यस्ता प्राकृतिक श्रोतको प्रयोग गर्दा वातावरणलाई प्रतिकुल प्रभाव नपार्ने गरी सार्वजनिक हित हुने कार्यमा मात्र प्रयोग हुनुपर्ने हुँदा सो अनुसार गर्नु" भनी विपक्षीको नाउँमा निर्देशनात्मक आदेश जारी भएको हुँदा वन अनुसन्धान तथा सर्वेक्षेणको कार्यलाई व्यवस्थित र एकद्वार प्रणाली मार्फत अगाडि बढाउन र यस क्षेत्रको संवेदनशिलतालाई संवोधन हुने गरी आवश्यक कानूनी व्यवस्था गर्नु आवश्यक देखिएको ।

घ. **सरकारको नीति तथा कार्यक्रम :** वन नीति २०७१ ले वन क्षेत्रको अनुसन्धान प्रविधि विकास तथा नतिजाको प्रचार प्रसार गर्ने कार्यनीति लिएको छ । त्यस्तै उक्त नीतिले वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, संरक्षित क्षेत्र, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै रोजगारी सिर्जना  र आय वृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार र पारिस्थितिकीय प्रणालीबीच सनतुलन कायम गर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्य पुरा गर्न वन अनुसन्धानको कार्यमा आधिकारिकता र एकद्धार पद्दती अवलम्बन गर्नु आवश्यक देखिन्छ । जसको लागि छुट्टै कानूनद्वारा व्यवस्थित गर्नु आवश्यक भएको छ ।

ङ. **अन्य कुनै कारणहरु :** अन्य क्षेत्रहरुमा पनि अनुसन्धान सम्बन्धी छुट्टाछुट्टै कानून तर्जुमा भई कार्यान्वयनको अवस्थामा रहेका छन् जस्तै :

- नेपाल कृषि अनुसन्धान परिषद् ऐन
- नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन

३. **ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धी :-**

- वन श्रोत सर्वेक्षण तथा अनुसन्धान कार्यमा संलग्न सरोकारवालाहरु बीच समन्वय गरी एकद्धार प्रणली कायम हुने ।
- अनुसन्धानका लागि उपलब्ध स्रोतहरुको समुचित उपयोग भई वन क्षेत्रको उत्पादकत्व बढाउने र व्यवस्थापन लगायतका विषयमा टेवा पुग्ने ।
- वन अनुसन्धान तथा सर्वेक्षण कार्य व्यवस्थित र प्रभावकारी हुने ।
- वन अनुसन्धान तथा सर्वेक्षण कार्यहरुको नियमन गर्न तथा नियमित र आवधिक रुपमा सञ्चालन हुने ।
- अनुसन्धानबाट प्राप्त नतिजालाई विभिन्न विभागमार्फत कार्यान्वयन गर्न सकिने,
- वनलाई अनुसन्धानमूलक बनाई उत्पादकत्वमा वृद्धि गर्न हुने,
- विभिन्न जिल्लामा बढी उत्पादनशील हुने प्रजाती विकास गरी दिगो र आत्म निर्भर हुने गरी वनमा योगदान पुग्ने,
- भौगोलिक रुपमा सम्भावना भएका प्रजातीहरुको वृद्धि लाई सुनिश्चित गर्न सकिने,
- वन, वनस्पति, वन्यजन्तु, र भू तथा जलाधार क्षेत्रका कृयाकलापहरुलाई व्यवस्थित र वैज्ञानिक रुपमा अनुसन्धानको कार्य सम्पादन हुने ।

४. **प्रस्तावित विषयमा मौजुदा कानून भए** : नभएको ।

क. ऐनको नाम :
ख. नियमावलीको नाम :
ग. गठन आदेशको नाम :

५. **मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सो को कारण** : यस सम्बन्धमा छुट्टै कानून नभएको ।

६. **प्रस्तावित विषयमा सरकारको कुनै विशेष नीति स्विकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जूमा भएको हो** : वन नीति २०७१, नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय

- मिश्रित पद्धति (Mixed Method)

७. **नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी : (मस्यौदा उपर छलफल गर्ने प्रयोजनको लागि) :** मन्त्रालयका शाखा प्रमुख महाशाखा प्रमुख श्रीमान सचिवज्यू समेतको उपस्थितिमा छलफल राय परामर्श प्रस्तुत भै निर्माण भएको ।

८. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्टिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :**

- Forest and Rangeland Renewable Resources Research Art of 1978, USA
- Malaysian Forestry Research Development Board Art 1985

९. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा :**

- विभाग र मन्त्रालयको आन्तरिक छलफल तथा मन्त्रालयमा नियमित रुपमा हुने सिनियर मेनेजमेन्ट टिमका वैठक हरुमा  पटक पटक वन सर्वेक्षण तथा अनुसन्धान सम्बन्धी छुट्टै ऐनको आवश्यकता बारे छलफल तथा सुझाव प्रस्तुत हुने गरेको ।
- व्यवस्थापिका-संसद प्राकृतिक स्रोत र साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७ को बुँदा ६.६.२ मा "वन प्रशासनलाई विज्ञान, प्रविधि तथा व्यवस्थापकीय दक्षताको केन्द्रविन्दुबनाउन संगठनात्मक सुधार गर्ने क्रममा विधागत विविधता एवं दक्षता झल्किने गरी वन संगठनमा सुधार गर्नु पर्ने" भन्ने व्यवस्था रहेको

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित बार्षिक व्ययभार :** विभागको भईरहेको कार्यक्रमलाई संस्थागत गर्ने उद्देश्य भएको हुँदा प्रस्तावित कानुन कार्यान्यनबाट थप व्यवभार नपर्ने ।

११. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :** नपर्ने

१२. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :** हाल कुनै निकायको परामर्श सहमति लिनुपर्ने अवस्था नभएको, मस्यौदा तयारीको समयमा हुने छलफल अन्तरक्रियामा सरकारवाला निकायहरुसँग राय, परामर्श प्रतिकृया लिइने तथा छलफमा सहभागी गराइने ।

१३. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु :**

क. नेपालको वन सम्वन्धि अध्ययन अनुसन्धान कार्यका नियमन संयन्त्र सम्बन्धी व्यवस्था ।

ख. अध्ययन अनुसन्धानको लागि अनुमति सम्बन्धी व्यवस्था ।

ग. नतिजा प्रमाणिकरण सम्बन्धी व्यवस्था ।

घ. अध्ययन अनुसन्धान विषयको पहिचान, प्राथमिकता निर्धारण र सुचिकृत गर्ने ।

ङ. अनुसन्धानमा एकद्धार प्रणालीको अवलम्वन सम्बन्धी व्यवस्था ।

अनुसन्धानबाट प्राप्त नतिजा र प्रविधि कार्यान्वयनको सिफारिस सम्बन्धी व्यवस्था ।

च. अन्तराष्ट्रिय दायित्व अन्तर्गतका सुचना प्रवाह गर्न सहजिकरण गर्ने ।

छ. वन क्षेत्र भित्रको अध्ययन तथा सर्वेक्षणको मापदण्ड सम्बन्धी व्यवस्था ।

ज. वन क्षेत्रको स्रोत सर्वेक्षण, नाप, नक्सांकन तथा कार्ययोजना सम्बन्धी व्यवस्था

झ. अनुसन्धानको अनुगमन र नियमन सम्बन्धी व्यवस्था ।

ञ. व्यवस्थापन सूचना प्रणाली सम्बन्धी व्यवस्था ।

ट. सम्बन्धित सवै निकायले अनुसन्धानबाट प्राप्त नतिजा कार्यान्वयन गर्नुपर्ने सम्बन्धी व्यवस्था ।